

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क १७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ असार २६ गते आइतबार ❑ 10 July 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## बुद्धभूमि नेपाललाई युद्धबाट अक्षुण्ण राख्नुपर्छ : अध्यक्ष नेपाल

**रासस**
**काठमाडौं, २५ असार**

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले बुद्धभूमि नेपाललाई युद्धबाट अक्षुण्ण राख्नुपर्ने बताउनुभएको छ । विश्वमा युद्धको कालो बादल मडारिएको जनाउँदै उहाँले एसियामा पनि त्यसको लक्षण देखापरेकाले सचेत रहनुपर्ने बताउनुभयो । "बुद्धको शान्ति भूमिलाई द्वन्द्वबाट टाढा राख्नुपर्छ", समाजवादी प्रेस सङ्गठन रुपन्देहीले आज बुटवलमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले भन्नुभयो, "राष्ट्रिय हितका विषयमा हामी एकताबद्ध हुनुपर्छ ।" राष्ट्रिय हित र सुरक्षालाई केन्द्रविन्दुमा राखेर छिमेकी र अन्य मुलुकसँगको सम्बध विस्तार गर्दै जानुपर्ने उहाँले बताउनुभयो ।

नेपाल असंलग्न परराष्ट्र नीतिको पक्षमा रहेकाले यसैमा अडिग रहेर अन्तर्राष्ट्रिय सन्धि-सम्झौता गर्नुपर्ने उहाँको भनाइ छ । अध्यक्ष नेपालले पाँचदलीय गठबन्धन पनि यही नीतिका पक्षमा रहेर अस्थिरताबाट देशलाई जोगाउने काम गरेको बताउनुभयो ।

पाँचदलीय गठबन्धनबाट सरकारका विभिन्न पदमा रहेका मन्त्रीतर्फ इङ्गित गर्दै उहाँले देश र जनताप्रति सेवाभाव र समर्पणभाव राख्नुपर्ने बताउनुभयो । "देखाउने दाँत एउटा र खाने अर्को नहोस् । भित्र बाहिर एउटै होस् । जनताले खोजेको त्यही हो", अध्यक्ष नेपालले भन्नुभयो ।

सङ्घ र प्रदेशको निर्वाचनमा पनि पाँचदलीय गठबन्धनबीच सहकार्य रहने बताउँदै उहाँले अहिलेको अवस्थामा यो आवश्यक रहेको उल्लेख गर्नुभयो । आगामी निर्वाचनको मिति घोषणा भएलगत्तै सही नीति र दृष्टिकोण बोकेर पार्टी जनतामा जाने तयारी गरेको उहाँले बताउनुभयो । पत्रकार सम्मेलनमा पत्रकारले राखेको जिज्ञासाको जवाफ दिँदै उहाँले आगामी निर्वाचनमा नेकपा (एमाले)सँगको सहकार्य सम्भव नभएकोप्रष्टपार्नुभयो।"एमालेसँग गठबन्धन गर्नका लागि ढोका बन्द छ, ढोका बन्द भएपछि कुनै सम्भावना रहने कुरा भएन । हाम्रो विद्रोहको औचित्य पुष्टि भएको छ । गलत प्रवृत्तिले गर्दा हानी-नोक्सानी के-के भयो सबैले मम गरौँ", उहाँले भन्नुभयो । अध्यक्ष नेपालले गत स्थानीय तहको निर्वाचनमा मतपत्रको व्यवस्था, मतदाता शिक्षा, घरदैलो र सबै स्थानीय तहमा उम्मेदवारी दिन नसक्दा नौ लाख २७ हजार मतमात्रै प्राप्त गरेको जनाउँदै उहाँले अब सङ्घीय निर्वाचनमा सबै क्षेत्रमा उम्मेदवारी दिने तयारी गरेको बताउनुभयो ।

कांग्रेसमा भएको चरम गुटबन्दीले स्थानीय तह निर्वाचनमा उम्मेदवारको टुङ्गो लगाउन समस्या भए पनि समाजवादीमा सहज तरिकाले दुईतिहाइ स्थानमा एक्लै उम्मेदवारी दिँदा पनि सानदार जित हासिल गरेको बताउनुभयो ।

## मादीको क्यादुखोला थुनियो, तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रह

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ असार**

कास्कीको मादी गाउँपालिका-१ स्थित क्यादुखोला थुनिएको छ । आज साँझ ५:०० बजेपछि पहिराका कारण नदी थुनिएपछि तटीय क्षेत्रमा सतर्कता अपनाउन आग्रह गरिएको छ ।

मादीस्थित हुगुगोठ छेउको क्यादुखोला थुनिएको खबर प्राप्त भएको र जुनसुकै बेला बाढी आउन सक्ने भएकाले तल्लो भाग र मादी नदीको तटीय क्षेत्रमा बसोबास गर्ने स्थानीय जनतालाई सतर्कतासाथ सुरक्षित स्थानमा बस्न आग्रह गरिएको सोही वडाका वडाध्यक्ष देवीजङ्ग गुरुङले बताउनुभयो । उहाँका अनुसार हुगुका पर्यटन व्यवसायी एवं नमस्ते गेष्टहाउसका सञ्चालक एकजङ्ग गुरुङले आफ्ना भाइमार्फत हुगुगोठ छेउको क्यादुखोला थुनिएको सूचना गाउँमा दिनुभएको थियो ।

वडाध्यक्ष गुरुङले भन्नुभयो, "नदी थुनिएको खबर माथिबाट प्राप्त भएपछि नदी आसपासको मानव बसोबास भएको क्षेत्र र हाइड्रोपावरहरूमा सतर्कता अपनाउन आग्रह गरेका छौँ । एक घण्टाजति थुनिएको नदी अहिले विस्तारै थोरै मात्रामा बग्न थालेको जानकारी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## निर्वाचन केन्द्रित गरेर साङ्गठनिक तयारी गर्दै माओवादी केन्द्र

**रासस**
**काठमाडौं, २५ असार**

सत्तारुढ नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)ले आगामी सङ्घीय र प्रदेशसभाको निर्वाचनलाई केन्द्रित गरेर आफ्नो साङ्गठनिक अभियान सञ्चालन गर्ने निर्णय गरेको छ ।

आगामी मङ्सिरमा ती निकायको निर्वाचन गर्ने तयारीमा सरकार लागेको छ । त्यसका लागि आवश्यक पूर्वतयारीको कामसमेत निर्वाचन आयोग र सरकारलेसमेत सुरु गरिसकेका अवस्थामा माओवादी केन्द्रले आन्तरिकरुपमा तयारी सुरु गरेको हो । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा आज बसेको स्थायी समितिको बैठकले आगामी साउन १६ गतेदेखि भदौ ३ गतेसम्म सबै प्रदेश समन्वय समितिको बैठक र प्रशिक्षण कार्यक्रम सम्पन्न गर्ने निर्णय गरेको छ । त्यस्तै कर्णाली प्रदेशको बैठक तथा प्रशिक्षण कार्यक्रम आगामी साउन २९ गतेका लागि तय गरिएको छ । बैठकपछि प्रवक्ता कृष्णबहादुर महराले दिनुभएको जानकारीअनुसार पार्टी सङ्गठन निर्माणलाई तीव्र पार्ने र आन्तरिकरुपमा सबै खालको तयारी गर्ने निर्णय शनिबारको बैठकले गरेको छ ।

यस्तै आगामी निर्वाचनसम्मका लागि केन्द्र र प्रदेशबीच समन्वयको काम गर्नेगरी प्रदेश इञ्चार्जको नेतृत्वमा पार्टीका केन्द्रीय सदस्य र प्रदेश पदाधिकारी सम्मिलित प्रदेश समन्वय समिति गठन गर्ने निर्णय शनिबारको बैठकले गरेको छ । स्थायी समितिको बैठकले गत वैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा भएको अन्तर्घातको छानविनका लागि एक समिति गठन गरेको छ। अनुशासन आयोगका संयोजक टङ्क राईको संयोजकत्वमा मुक्ति प्रधान र खिमलाल देवकोटा सदस्य रहेको छानविन समिति गठन गरिएको प्रवक्ता महराले जानकारी दिनुभयो । सो समितिले ७५३ वटै स्थानीय तहको निर्वाचनका क्रममा भएका गतिविधिका बारेमा एकमुष्ठरुपमा छानविन गर्नेछ । समितिले दिने प्रतिवेदनका आधारमा आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाउने माओवादी केन्द्रको तयारी छ ।

त्यस्तै स्थायी समितिको बैठकले पार्टीको भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी) भित्र देखिएको विवाद समाधानका लागि एक समिति गठन गरेको छ । क्रान्तिकारीका पूर्वध्यक्ष रमेश मल्लको संयोजकत्वमा गठन भएको समितिमा पूर्वध्यक्षहरुलाई सम्मिलित गराइएको छ । समितिमा नरेन्द्र न्यौपाने र रत्न ढकाल सम्मिलित सुझाव समिति गठन गरिएको प्रवक्ता महराले जानकारी दिनुभयो । स्थायी समिति, पोलिटब्युरो र पदाधिकारी १५ दिनभित्र टुङ्गो लगाउने गरी तयारी गरिएको बताइएको छ ।

## पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउन टूर प्याकेज तालिम

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ असार**

होटल सङ्घ पोखरा नेपालले पर्यटन क्षेत्रसम्बद्ध व्यवसायीलाई एकदिने टूर प्याकेज तालिम प्रदान गरेको छ । पर्यटनमा क्रियाशील तीन दर्जन व्यवसायीको सहभागिता रहेको तालिम आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा टेवा पुगोस् भन्ने उद्देश्यका साथ नेपाल पर्यटन बोर्डको प्रवर्द्धनमा गरिएको आयोजक सङ्घका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिनुभयो ।

सुवेदीले होटल सङ्घले लामो समयदेखि आन्तरिक पर्यटन प्रवर्द्धनका लागि नेपालका विभिन्न भागमा कार्यक्रम गरी जाउँ है पोखरा अभियान र भारतमा पनि त्यसैगरी चलिय पोखरा अभियान सञ्चालन गर्दै आइरहेको स्मरण गराउँदै उहाँले चीन र अन्य तेस्रो मुलुकमा समेत नेपाल प्रवर्द्धनका लागि पर्यटन मार्टहरूमा सङ्घ सहभागी हुँदै आएको बताउनुभयो ।

कोभिड-१९ का कारण दुई वर्ष पोखरासँगै नेपालको पर्यटन ठप्प हुन पुग्दा थुप्रै पर्यटन व्यवसायी र यस क्षेत्रका मजदुर, कामदार र कर्मचारी पलायन हुन पुगेको उहाँले बताउनुभयो । पछिल्लो छ महिनायता पर्यटक आगमन राम्रै रहे पनि केही दिनयता भने अफसिजनलगायत कारणले पर्यटन आगमन सन्तोषजनक हुन नसकेको अध्यक्ष सुवेदीले जानकारी दिनुभयो । होटल, ट्राभल, पदयात्रा, साहसिक पर्यटनलगायत विविध क्षेत्रलाई समेटेर अहिलेको अफसिजनमा पर्यटकका लागि विशेष प्याकेज बनाउने उद्देश्यले समेत कार्यक्रम आयोजना गरिएको र आगामी सेप्टेम्बर, अक्टोबर र नोभेम्बरमा पर्यटक आगमन राम्रो हुने विश्वास लिइएको छ । पोखरा पर्यटन परिषद्का अध्यक्ष गोपिबहादुर भट्टराईले तालिमबाट व्यवसायीमा थप ऊर्जा मिलेको बताउँदै व्यवसायलाई परिस्कृत ढङ्गले अगाडि बढाउन यसबाट मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

उक्त अवसरमा नेपाल नागरिक उड्डयन प्राधिकरण पोखराका प्रमुख विक्रमराज गौतम, नेपाल पर्यटन बोर्ड गण्डकीका प्रमुख निर्देशक काशीराज भण्डारी र नेपाल टुरिजम एण्ड होटल म्यानेजमेन्ट कलेज पोखराका प्राचार्य प्रकाश रेग्मीले पर्यटन प्रवर्द्धन, पर्यटकलाई गरिने व्यवहारलगायतमा आ-आफ्ना प्रस्तुति दिनुभएको थियो ।

## पर्यावरणीय संरक्षणलाई जोड दिदै दुई शताब्दी पुरानो चौतारा निर्माण

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ असार**



पर्यावरणीय संरक्षणमा जोड दिदै पोखरा महानगरपालिका वडा नं ३३ भरतपोखरीको बरमा कृयाशिल सिलिङ्गे महिला चेतना समूहले दुई शताव्दी पुरानो सिलिङ्गे चौतारा निर्माण गरेको छ ।

प्राचीन कालदेखि अस्तित्वमा रहेको र करिब ३० वर्ष अघि विकास निर्माणका नाममा सिलिङ्गे चौतारा मासिएपछि उक्त स्थानको पहिचानलाई कायमै राख्ने गरी उक्त स्थानमा पुनः चौतारा निर्माण गरिएको हो । गण्डकी प्रदेश सकारको एक लाख ५० हजार रुपैयाँ सहयोगका साथै स्थानीयवासीको सहयोग समेत गरी दुई लाख ३५ हजार ५७५ रुपैयाँको लागतमा चौतारा निर्माण गरिएको समूहका अध्यक्ष कर्णकुमारी महतले जानकारी दिनुभयो । चौताराको एक कार्यक्रमकाबीच आज गण्डकी प्रदेशका कानुन, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री विन्दुकुमार थापाले उद्घाटन गर्दै निर्माणमा सहयोग पुऱ्याउने सहयोगदातालाई सम्मान गर्नुभयो । उक्त अवसरमा मन्त्री थापाले प्रदेश सरकारको सानो सहयोगमा जनसहभागिता जुटाएर गरिएको निर्माणकार्य प्रशंसनीय रहेको बताउनुभयो । आगामी आर्थिक वर्षका लागि पोखरा महानगरपालिका वडा नं ३३ मा गण्डकी प्रदेश सरकारका तर्फबाट विभिन्न ३४ वटा योजनाका लागि पाँच करोड ६२ लाख रुपैयाँ विनियोजन गरिएको जानकारी गराउँदै उहाँले यस क्षेत्रको समग्र विकास आँफूहरूको प्राथमिकतामा रहेको बताउनुभयो । नवनिर्मित चौतारामा आजै सिलिङ्गे र समीको विरुवा लगाइएको छ ।

समूहका अध्यक्ष महतले प्रदेश सरकार र स्थानीयवासीको साथ सहयोगका कारण ऐतिहासिक महत्वको सिलिङ्गे चौतारा निर्माण गरिएको बताउनुभयो । पाप्त सहयोगलाई पारदर्शी रुपमा परिचालन गरिएको बताउँदै उहाँले आगामी दिनमा पनि प्रदेश सरकार एवम् स्थानीयवासीको यस किसिमका सहयोग निरन्तर प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो । रासस गण्डकी प्रदेश प्रमुख वासुदेव पौडेलले सामाजिक जागरणसँगै पर्यावरणीय संरक्षण, विकास लगायतमा समूहले देखाएको सकृयता प्रशंसनीय भएको बताउनुभयो । वडा सदस्य दुर्गादेवी थापा केसीले समूहले गर्ने जुनसुकै विकास निर्माणका काममा वडाका तर्फबाट निरन्तर साथ र सहयोग हुने विश्वास व्यक्त गर्नुभयो । चण्डी माध्यमिक विद्यालयका प्रधानाध्यापक खिमबहादुर महतले महिला सशक्तिकरणसँगै सामाजिक विकासका काममा समूह निरन्तर सकृय बनेको बताउँदै प्रशंसा व्यक्त गर्नुभयो । समाजसेवी रामचन्द्र पौडेलले लामो समयदेखि विकासमा पछि परेको भरतपोखरीको समृद्धिका लागि निरन्तर सहयोगको अपेक्षा गरिएको बताउनुभयो । बाँदरका कारण यस क्षेत्रका स्थानीयवासी नराम्रोसँग प्रभावित बनेको बताउँदै उहाँले यसको व्यवस्थापन जरुरी रहेकोमा जोड दिनुभयो । पोखरा-३३ मा महानगरको फोहोर व्यवस्थापन गर्ने विषय स्थानीयवासीका लागि स्वीकार्य नभएको उहाँले बताउनुभयो । समूहका अध्यक्ष कर्णकुमारी महतको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष सरला महतले गर्नुभएको थियो भने सञ्चालन सचिव सीता केसी महतले समूहको सकृयतामा यस अघि पनि दुई सयभन्दा बढी वर्ष पुराना मनियलडाँडाको चौतारो, हुडिकोटको चौतारो निर्माण गरिसकेको छ । समूहकै सकृयतामा मल्लकालीन समयदेखि अस्तित्वमा रहेको हुडिकोट देउराली मन्दिर निर्माण गरिएको छ भने मल्लकालीन कोटभैरव मन्दिर, हुडिकोटलगायतका स्थानमा समय समयमा सरसफाइकार्यलाई पनि निरन्तरता दिइएको छ। समूहले मनियलडाँडा-हुडिकोट सडकअन्तर्गत १०० मिटर नाला र ७० मिटर ग्राबेल गर्ने काम गण्डकी प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयबाट आव २०७८/७९ मा विनियोजित दुई लाख र जनसहभागिता रु ३० हजार र श्रमदान रु १५ हजार गरी रु दुई लाख ४५ हजारमा उक्त योजना सम्पन्न गरेको छ । समूहकै सक्रियतामा बर माझथरमा रु ५० हजारको लागतमा प्रतिक्षालय निर्माण गरिएको छ ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ् कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# अनुपमको भाषण कला तालिम समापन

पोखरापत्र संवाददाता
पोखरा, २५ असार

अनुपम म्युजिक, पोखराले उद्घोषण तथा भाषण कलासम्बन्धी एक महिने तालिम शनिबार समापन गरेको छ।

संस्थाका संरक्षक तथा तीर्थहरि स्मृति प्रतिष्ठानका अध्यक्ष वीरेन्द्र पालिखेको अध्यक्षतामा भएको कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका, वडा नम्बर ४ का वडाध्यक्ष देवकृष्ण पराजुलीले बोल्ने कला मानिसको अभिन्न अङ्ग जस्तै भएको बताए। पराजुलीले अनुपमले सञ्चालन गरेको अभियानमा आफू सँगै रहेको भन्दै आफू निर्वाचित भएर आएपछि वडा नम्बर ४ का महिलाहरूका लागि आयोजना गरिएको उद्घोषण तथा भाषण कला तालिम अत्यन्त प्रभावकारी भएको पनि स्मरण गरे।



कार्यक्रममा प्रसिद्ध गायक रामभक्त जोजिजूले आफूले पनि अनुपम म्युजिकमै उद्घोषण तथा भाषण कला सिकेको स्मरण गरे। सुगम सङ्गीत बसेर सुन्ने खालका हुने भएकाले कार्यक्रमहरूमा त्यस्ता साङ्गीतिक प्रस्तुति कार्यक्रमको सुरुमै राख्नुपर्ने धारणा राख्दै उनले 'उडेर जून छुन्छु भन्थेँ...' बोलको गीत गाएका थिए। साहित्यकार तथा सञ्चारकर्मी रुपिन्द्र प्रभावीले आजको समयमा सम्पूर्ण जनप्रतिनिधिलाई समेत भाषण कलासम्बन्धी तालिम आवश्यक रहेको धारणा राखे। भाषण कला र भाषिक कलालाई जोडेर कुनै पनि प्रकारका नेतृत्व वर्गलाई ज्ञान र सिप दिनु आजको आवश्यकता भएकोमा जोड दिँदै उनले पिठो बिकाउने मात्रै नभई चामलै बिकाउन पनि सही ढङ्गले बोल्नु आवश्यक भएको भनाइ राखे। अनुपम म्युजिकका प्रबन्ध निर्देशक अनुराग अधिकारीले अनुपममार्फत् २०६२ देखि हालसम्म राजनीतिक, सामाजिक, औद्योगिक, व्यावसायिक, साङ्गीतिक, साहित्यिक क्षेत्रका सयौँ जनालाई १९३ ओटा तालिम सञ्चालन गरिसकेको जानकारी दिए। सैद्धान्तिकभन्दा व्यावहारिक ज्ञान र सिपमा आधारित भएर तालिम दिइने भएकाले पनि अनुपममा सिकारुहरूको आकर्षण बढेको धारणा राख्दै उनले अनुपममा एक पटक भर्ना भएपछि त्यसपछिका कुनै पनि प्याकेजमा निःशुल्क तालिम दिइने भनाइ राखे।

प्रशिक्षार्थीहरूलाई प्रमाणपत्रसमेत वितरण गरिएको कार्यक्रममा प्रशिक्षार्थीहरू आयुष्मा अधिकारी, आशा थापा मगर, शिवराज अधिकारी, सृष्टि थापा, राजु कार्की, जगनारायण छन्त्याल, हरिप्रसाद सिग्देललगायतले आफ्ना अनुभव सुनाएका थिए। कार्यक्रमको सञ्चालन प्रशिक्षार्थीद्वय विपना थापा र ग्रेसी ढुङ्गानाले गरेका थिए।

# वैशाखयता विपद्जन्य घटनामा ११८ को मृत्यु

रासस
काठमाडौं, २५ असार

गएको वैशाखयता विपद्जन्य घटनामा ११८ जनाको मृत्यु भएको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले यो बीचमा एक हजार ३४ विपद्जन्य घटना भएको र त्यसमा परेर ११८ को मृत्यु, एक बेपत्ता र २७१ घाइते भएको जानकारी दिएको छ। प्राधिकरणका अनुसार सबैभन्दा बढी चट्याङबाट ४९ जनाको मृत्यु भएको छ। कूल १४० चट्याङ परेकामा ११७ जना घाइते भएको सार्वजनिक विवरणमा उल्लेख छ। प्राप्त विवरणमा आगलागीबाट १९, जनावरको आक्रमणबाट १२, पहिरामा परेर १५, बढीका कारण तीन र हावाहुरीका कारण नौ जनाको मृत्यु भएको हो। ती घटनाबाट एक हजार ३४७ परिवार प्रभावित भएका छन् भने रु ६६ करोड ५९ लाख बढीको क्षति भएको छ।



नन्दराजवाट संगम क्लवलाई ज्याकेटः पोखरा महानगरपालिका वडा नं १३ स्थित संगम क्लवलाइ सोही क्लवका सल्लाहकार तथा आजीवन सदस्य नन्दराज गुरुङबाट हालै २५ थान इम्पोर्टेड ज्याकेट प्रदान गरेका छन्। सोही दिन क्लवका आजीवन सदस्य कुमवहादुर गुरुङले पनि संगम एकेडेमीका निर्देशक माया गुरुङलाइ पाँच हजार दिएका छन्। कार्यक्रममा क्लवका शुभचिन्तक तथा पदाधिकारीहरुको पनि उपस्थित रहेको थियो। फोटो-पोखरापत्र

# मोटेरेबल पुलमा लगाइएको बाँध खोलियो

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २५ असार

स्याङ्जाको वालिङ ११ मा निर्माणधिन मोटरेबल पुलमा लगाइएको बाध खोलिएको छ। स्थानीय र मिडियाको चर्को दबावपछि मोटरेबल पुल निर्माण गर्दा लगाइएको बाँध खोलिएको हो। वालिङ र भीरकोट जोड्ने आँधीखोलामा निर्माण हुन लागेको पुलको बाँधका कारण आँधीखोलामा आउने बाढीले डौवा फाट डुवानमा पर्ने समस्या थियो।



पोखरापत्र दैनिकले यो समस्या उठाएपछि स्याङ्जाका प्रमुख जिल्ला अधिकारी राजु पौडेल सहितको टोलीले अनुगमन गरेको थियो। साथै सडक डिभिजन कार्यालय पोखराले समेत यस सम्वन्धमा ध्यानाकर्षण गरेको थियो। दुबै निकायको निमार्ण कम्पनीका ठेकेदारलाई निर्देशन दिए लगत्तै पुलमा लगाईएको बाँध खोलिएको छ। जसले गर्दा आँधीखोलामा आउने बाढीले कटान र खेतीयोग्य जमिन सहित बस्तीलाई राहत मिलेको स्थानीय रेशम पंगेनीले बताए। हामीले पटक–पटक सम्वन्धित निकायमा अनुरोध गरेका थियौ पंगेनीले भने,'मिडियाको सहयोगले हामीलाई केही राहत मिलेको छ।' सबै जोखिम हट्यो भनेर ढुक्क त भएका छैनौ तर पनि पुलमा लगाइएको बाँध खोलिएपछि केही समस्या हल भएको महशुष गरेका छौं उनले भने।

पुल निर्माण गर्दा लगाएको बाँध समयमै नखोलिदिने हो भने आँधीखोलामा आएको बाढीले वालिङ ११ डौवा फाटको सिङ्गो बस्ती र खेतीयोग्य जमिनमा क्षती पुग्ने अनुमान गरिएको खबर प्रकाशित गरिएको थियो। खबर बाहिर आएपछि प्रमुख जिल्ला अधिकारी र सडक विभागले चासो दिएको हो।

झण्डै १२ करोड ५४ लाखको लागतमा निर्माण हुन लागेको पुल ठेकेदारले विभिन्न समस्या देखाएर ५ बर्षदेखी अलपत्ररुपमा रहेको छ। पुलको ४० प्रतिशत काम सम्पन्न भएपनि अझै ६० प्रतिशत काम बाँकी छ। बस्तीतिरको क्षेत्रमा आँधीखोलामा पुल निर्माण गर्दा लगाईको बाँधलाई समयमै सम्वन्धित निकायले चासो दिएकाले आँधीखोलाले स्वरुप फेर्न सक्ने सम्भावना टरेको देखिन्छ।

# 'अर्थतन्त्रबारे भ्रम पार्न खोजियो'

रासस
काठमाडौं, २५ असार

सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री कार्कीले मुलुकको अर्थतन्त्रलाई श्रीलङ्काको बाटोमा जान नदिनका लागि सरकार सचेत रहेको बताउनुभएको छ।

सुनसरी सदमरमुकाम इनरुवा-२ स्थित नेपाल टेलिकमको कार्यालयले आयोजना गरेको 'एफटीटीएस' नेटवर्क विस्तार कार्यक्रममा उहाँले मुलुकको अर्थतन्त्र श्रीलङ्काको बाटोतर्फ गइरहेको छ भन्ने भनाइमा कुनै किसिमको सत्यता नरहेको दाबी गर्नुभयो। मुलुकको अर्थतन्त्र श्रीलङ्काको बाटोमा गइरहेको छ भनेर भ्रममा पार्ने कोसिस भइरहेको उल्लेख गर्दै मन्त्री कार्कीले त्यसबाट मुक्त हुन सबैलाई आग्रह गर्नुभयो।

सबैले एकताबद्ध ढङ्गले प्रयास गरे मुलुकको अर्थतन्त्रलाई छिट्टै सवल बनाउन सकिने मन्त्री कार्कीले दाबी गर्नुभयो। नेपालको अर्थतन्त्र श्रीलङ्काको बाटोमा गइराखेको छ भनेर एउटा सुनियोजित हल्ला चलाइएको उहाँले बताउनुभयो।

# पोखरा कलेज अफ म्यानेजमेन्टमा आइडिया कन्टेस्ट

पोखरापत्र संवाददाता
पोखरा, २५ असार

पोखरा कलेज अफ म्यानेजमेन्टमा शुक्रबार आइडिया कन्टेस्ट प्रतियोगिता सम्पन्न भएको छ। कलेजको सभाकक्षमा सम्पन्न प्रतियोगितामा २३ वटा समूहले आफ्नो व्यवसायिक योजना प्रस्तुत गरेका थिए।



प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने प्यानारोमिक एग्रो टुरिजम फार्म समूहलाई नगद रु. ५ हजार सहित पुरस्कार र प्रमाणपत्र प्रदान गरिएको थियो। त्यसै गरी ब्लिसकेयर र मिस्टर घरकाम गरी दुई समूहले समान अंक प्राप्त गर्दै दोस्रो स्थान प्राप्त गरेका थिए। प्रतियोगिताका सबै पुरस्कृत तथा सहभागीहरुलाई कलेजको प्राचार्य लिना नेगी गुरुङ्गले पुरस्कार र प्रमाणपत्र प्रदान गर्नुभएको थियो।

प्रतियोगीहरुको योजनाको मूल्यांकन पोखरा विश्वविद्यालय स्कूल अफ बिजनेसका निर्देशक डा. श्रृजन ज्ञवाली र कलेजका बिबिए कार्यक्रम संयोजक सरोज कुँबरले गर्नुभएको थियो। कलेजको वार्षिक क्यालेन्डर अनुसार नै यो प्रतियोगिता हरेक वर्ष आयोजना हुँदै आएको कार्यक्रम संयोजक मनोज श्रेष्ठले जानकारी दिनुभयो। प्रतियोगिताले उद्यमशिलता विषय अध्ययन गरिसकेका विद्यार्थीहरुमाझ उद्यमी सोच निर्माण गर्न सघाएको विषय शिक्षक प्रतिक राईले बताउनुभयो। पोखरा कलेज अफ म्यानेजमेन्टले विगत दुई दशकदेखि पोखरा विश्वविद्यालयबाट सम्बन्धप्राप्त गरी पोखरामा व्यवस्थापन संकायमा अध्ययन अध्यापन गराउँदै आएको छ। हाल कलेजमा दिवा तथा बिहानी सत्रमा ६ सय बढि विद्यार्थीहरु बिबिए र बिसिआईएस (आईटी) कार्यक्रममा अध्ययन गरिरहेका छन्।

# फेवा केयर होमको निःशुल्क स्वास्थ्य शिविर

पोखरापत्र संवाददाता
पोखरा, २५ असार

पोखरा महानगरपालिका वडा नं ६ स्थित फेवा केयर होम प्रालिले शनिवार निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको छ। शिविरमा मधुमेह परीक्षण, रक्तचाप परीक्षण र मृगौला परीक्षण गरिएको थियो।

शिविरमा डा अंगना पराजुली, डा. अनुराग तिवारी, र विद्या कायस्था लगायतले सहयोग गरेका थिए। कार्यक्रममा वडा न. ६ का वडा अध्यक्ष विष्णुप्रसाद भट्टराईले शिविरले जनतालाइ ठुलै चेतना मिलेको वताए। फेवा केयर होम प्रालिका प्रमुख शुभ कोइरालाले फेवाले जनतामा दिइराखेको स्वास्थ्यका वारेमा जानकारी गराइन।

वरिष्ठ जर्नल डा. कोविद नेपालको अध्यक्षमा भएको कार्यक्रममा केयरका नर्सिङ इन्चार्ज सरोजा अधिकारी, केयर संचालक समितिका सदस्य एवं मेट्रोन मिना थापा लगायत वोलेका कार्यक्रममा केयरका कर्मचारी पामेला पौडेल संचालन गरेकी थिइन।

# मादीका...

प्राप्त भएको छ। माथि हुगुमै रहेकालाई सुरक्षित स्थानमा छन्, यसका बारेमा स्थानीय प्रशासन, प्रहरी र गाउँपालिकालाई सूचना दिएका छौं।" क्यादुखोला मादी नदीमा मिसिने खोला हो। मादी नदीमा अहिले धमिलो पानी बग्न थालेको बताइएको छ। अविरल वर्षाका कारण नदीको मुहानमा पहिरो खसेर नदी थुनिएको हुनसक्ने अनुमान गरिएको छ। गत वर्ष बर्खायाममा मादी नदी र यसका सहायक नदीहरूमा आएको बाढीले जलविद्युत् आयोजनाहरू बगाएको थियो।

प्यारालाइसिसका बिरामीको उपचार
विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।
प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।
लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको।
सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।
महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८
नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# तालिमले गाँउमै हाते ट्र्याक्टर मर्मत

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २५ असार

सरकारी निकाय होस वा गैह्र सरकारी निकायले प्रविधिमैत्री खेतीका लागि गाँउ गाँउमा हाते ट्र्याक्टर वितरण गरेका छन् ।

अब उत्पादनलाई प्रविधि मार्फत व्यवसायीकरण गर्न सहज हुने अभिलासाले ति निकायले हाते ट्र्याक्टर वितरण गरेका हुन् । ट्र्याक्टर वितरण गरेपछि सबै बढी समस्या बिग्रेर किसानहरु हैरानी व्यहोरेका छन् । गाडी रिर्जभ नै गरेर गाँउ गाँउ पऱ्याइएका हाते ट्र्याक्टरहरुमा सानो समस्या आउदा फेरी गाडी रिजर्भ नै गरेर बजार ल्याउनु पर्ने समस्या झेल्दै आएका छन् । तर अव भने यो समस्याबाट वालिङका कृषकहरुले लाभ पाउने भएका छन् ।

वालिङ नगरपालिका, युएनडिपी, दियालो तथा ब्यवशायीक तथा सीप विकास तालिम केन्द्र पोखराको सहकार्यमा ट्र्याक्टर मर्मतको बिशेष तालिम सञ्चालन भएको छ । वालिङ नगरपालिकाका कृषकहरुलाई हाते ट्र्याक्टर मर्मत गर्ने एड्भान्स तालिम प्रदान गरिएको छ, जसले गर्दा कृषकहरुले गाँउमा नै हाते ट्र्याक्टरको मर्मत गर्न सक्ने भएका हुन् । वालिङ नगर भित्र मात्रै बिभिन्न निकायले बितरण गरेका दुई हजार भन्दा बढी हाते ट्र्याक्टर रहेका छन् । जसको गाँउमा नै मर्मत हुन सके उत्पादन लागतमा कम पर्ने र कृषकहरुलाई पनि सहज हुने वालिङ नगर प्रमुख कृष्ण खाँणले बताए । पहिला हाते ट्र्याक्टर चाहियो भन्ने माग आउथ्यो नगर प्रमुख खाँणले भने,'अहिले ट्र्याक्टर बिग्रेर हैरानी परेको गुनासो आउछ ।' गाँउमा दिएका ट्र्याक्टर बिग्रेपछि किसानहरुले हैरानी व्यहोर्न परेको समस्याले यो तालिम प्रदान गरेको हो उनले भने । कृषकहरुको मागको आधारमा तालिम सञ्चालन गरिएको भन्दै नगरउपप्रमुख कविता तिवारीले अव गाँउ गाँउमा नै हाते ट्र्याक्टरको मर्मत गर्न सक्ने सक्षम जनशक्ति तयार भएको जानकारी गराइन् । गाँउ गाँउमा हाते ट्र्याक्टर सामान्य समस्याले समेत फालिएकाछन् जसको कारण कृषकलाई मार परेको छ त्यसैले बाहिरबाट दक्ष प्राविधिक बोलाएर तालिम सञ्चालन गरिएको हो तिवारीले बताइन् । यसअघि गत महिना ५० जना कृषकलाई प्रारम्भिक हाते ट्र्याक्टर मर्मत तालिम प्रदान गरिएको नगरपालिकाका प्रमुख प्रशाससकीय अधिकृत राजन भट्टराईले जानकारी दिए । सबैको ध्यान ट्र्याक्टर बितरणमा मात्रै गयो मर्मत गर्न सक्ने जनशक्ति बनाउनमा गएन त्यसैले हामीले बितरण सँगै मर्मत गर्न सक्ने जनशक्ति तयार पार्न लागि परेका हौं भट्टराईले भने । १४ वटै वडाबाट छानिएर आएका १५ जना ब्यवशायीक कृषकलाई एड्भान्स तालिम प्रदान गरिएको हो । तालिममा सहभागी भए पछि उत्साहित भएका वालिङ २ का कृषक नीर बहादुर सार्कीले भने मेरो घरमा दुई वटा खेत जोत्ने ट्र्याक्टर सामान्य समस्याले फालिएकाछन् अव आफै बनाएर प्रयोग गर्न सक्ने बनाउछु । सार्की मात्रै होईन तालिममा सहभागी १५ जना युवा नै आफै ट्र्याक्टर बनाउन सक्ने भएकाछन् ।



# बर्खायामसँगै नाइरोबी फ्लाइ किराको सङ्क्रमण

रासस
काठमाडौं, २५ असार

बर्खायामसँगै नाइरोबी फ्लाइ किरोको सङ्क्रमण देखिएको छ । नाइरोबी फ्लाइ जातको किरा देखिए पनि डराउनुपर्ने अवस्था नरहेको चिकित्सकले बताएका छन् ।

प्रायःजसो वर्षायाममा देखिने उक्त किरा अहिले पनि देखिन थालेको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ । अहिले नेपालको पूर्वी भेग तथा पश्चिमको कञ्चनपुरमा उक्त जातको किरा देखिएको महाशाखाको किटजन्य शाखा प्रमुख डा गोकर्ण दाहालले जानकारी दिनुभयो । काठमाडौँको सिभिल अस्पतालमा उक्त किराका कारण सङ्क्रमित भएका दुई जनाको उपचार गरिएको छ । उहाँका अनुसार गत वर्ष पनि उक्त किराको सङ्क्रमणका कारण तीन/चार बिरामी भेटिएका थिए । "अहिले पनि नाइरोबी फ्लाई किरा देखिन थालेको छ । किरा बाहिरी मुलुकबाट नआइ यही उत्पादन हुने गर्दछ", दाहालले भन्नुभयो, "किराले लामखुट्टे जस्तो सङ्क्रमण एउटा व्यक्तिबाट अर्को व्यक्तिमा सार्दैन । जनस्वास्थ्यमा ठूलोरुपमा यो किराले सङ्क्रमण ल्याउँदैन ।" मानिसको शरीरमा आएर बस्ने र मानिसले किरालाई हातले फाल्दा किरामा थिचिन गई रस निस्कन्छ ।



उक्त रसमा रहेको पेडेरिन तत्व एसिडले छालामा सङ्क्रमण गराउँदछ । उहाँ किरालाई शरीरबाट सजिलै फाल्नसक्ने हो भने सङ्क्रमण नहुने बताउनुहुन्छ । "किरालाई सजिलैसँग शरीरबाट फाल्न सक्यो भने सङ्क्रमण हुँदैन", दाहालले भन्नुभयो, "किरा नरम भएकाले शरीरबाट फाल्दा थिचिने गर्दछ र यसरी थिचिँदा किराबाट एसिड निस्कन्छ । जुन एसिड शरीरलाई हानि गर्दछ ।"

एसिड छालामा लागेपछि २४ घण्टा भित्रमा छाला रातो हुने, बिबिरा आउने, जनैखटिरा आउने, चिलाउने जस्ता लक्षण देखिने महाशाखाको किटजन्य शाखा प्रमुख डा दाहालले जानकारी दिनुभयो । "लक्षण देखिएपछि धेरै मानिस आफैँ सञ्चो भएर जान्छन्", उहाँले भन्नुभयो, "सञ्चो नभएका नजिकैको स्वास्थ्य संस्थामा उपचारका लागि जानु पर्दछ ।" प्रायःजसो सडेगलेका खानेकुरा, मरेको जनावर र फोहरमैला भएको ठाउँमा उक्त किरा देखिने र प्रजनन गराउने गर्दछ । किराबाट हुने सङ्क्रमणबाट पेडेरस डर्माटिटिइज जस्तो रोग लाग्ने गरेको उहाँ बताउनुहुन्छ । किराको सङ्क्रमणबाट देखिने रोगबारे छाला रोगका विशेषज्ञ र किरा विज्ञसँग छलफल गर्ने तयारी भइरहेको दाहालले बताउनुभयो ।

# रासायनिक मलको विकल्पमा गड्यौले मल

–तोलाकान्त बगाले
वालिङ, २५ असार (रासस)

स्याङ्जाका कृषकले रासायनिक मलको विकल्पकारुपमा गड्यौले मल प्रयोग गर्न थालेका छन् । खेत रोप्ने समयमा रासायनिक मल नपाएर उत्पादन घट्ने चिन्तामा रहेका कृषकले गड्यौले मललाई विकल्पकारुपमा प्रयोग गर्न थालेका हुन् ।

स्याङ्जाको वालिङ नगरपालिकाभित्रका समूह, सहकारी तथा अगुवा कृषकले रासायनिक मल नपाएपछि वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारीमार्फत गड्यौले मल खरिद गरी खेतबारीमा प्रयोग गरेका हुन् । वालिङ-६ लालुपातेका अगुवा कृषक रेशमलाल रेग्मीले रासायनिक मल नपाएपछि तरकारी खेतीमा प्रयोग गर्नका लागि गड्यौले मल प्रयोग गरेको बताउनुभयो । "बजारमा रासायनिक मल नपाएपछि तरकारीखेतीको उत्पादनमा कमि आउँछ कि भन्ने भएर त्यसको विकल्पमा गड्यौले मल प्रयोग गरेको हुँ", उहाँले भन्नुभयो, "पहिलो वर्ष रासायनिक मलको विकल्पका रुपमा गड्यौले मलको प्रयोग गर्दा उत्पादन राम्रो भयो । अहिले निरन्तररुपमा गड्यौले मल प्रयोग गर्दै आएको छु ।" दुई रोपनी क्षेत्रफलमा मौसमी तथा बेमौसमी तरकारीखेती गर्दा रासायनिक मलको विकल्पमा गड्यौले मल मात्रै प्रयोग गरेर हेर्दा उत्पादन राम्रो भएकाले अहिले तरकारी पकेट कार्यक्रमअन्तर्गत समूहमा सहभागी अन्य कृषकले पनि गड्यौले मलको प्रयोग थालेको उहाँले बताउनुभयो । गड्यौले मलको प्रयोगले उत्पादन राम्रो भएसँगै अहिले आफूले पनि घरमै गड्यौला पाल्न थालेको उहाँले बताउनुभयो ।

वालिङ-१२ का यवनाथ न्यौपानेले पनि गड्यौलापालन गर्नुभएको छ । उहाँले घरमै उत्पादन भएको मललाई आफैँले खेतबारीमा प्रयोग गर्नुका साथै बिक्रीसमेत गर्दै आउनुभएको छ । "घरमै वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाको सहयोगमा 'भर्मी बेड' तयार गरी गड्यौलापालन गरेको छु", न्यौपानेले भन्नुभयो, "रासायनिक मलको सट्टामा गड्यौले मल प्रयोग गर्ने गरेको छु भने अरु सोही सहकारीलाई बिक्री गर्दै आएको छु ।" गड्यौले मल जति उत्पादन गरे पनि सहकारीले बजारीकरण गरिँदै आएकाले बिक्री नहुने भन्ने समस्या नरहेको बरु उल्टै मागअनुसार मल उत्पादन गर्न नसकिएको न्यौपाने बताउनुहुन्छ । वालिङ नगरपालिकाभित्रका विभिन्न वडामा एक वर्षको अवधिमा वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थामार्फत ३०० बढी कृषकले व्यावसायिकरुपमा गड्यौलापालन गर्दै आएको सहकारीका प्रबन्धक एवं कार्यक्रम संयोजक विशाल बगालेले बताउनुभयो । "सहकारीले निःशुल्करुपमा गड्यौला, गड्यौला पाल्ने भाँडो तथा आवश्यक तालिम दिएसँगै गड्यौलापालनतर्फ पछिल्लो समय कृषक आकर्षित भएका छन्", संयोजक बगालेले भन्नुभयो, "अहिले बजारमा रासायनिक मलको अभाव हुँदा कृषकले गड्यौले मललाई विकल्पकोरुपमा प्रयोग गर्दै आउनुभएको अवस्था छ ।" गड्यौलापालन गर्दै आउनुभएका कृषकले उत्पादन गरेको गड्यौला तथा मल दुवैको बजारीकरणको ग्यारेन्टी सहकारीले लिएकाले पनि बजारको कुनै समस्या नरहेको संयोजक बगाले बताउनुहुन्छ । "गड्यौले मलको माग वालिङ भित्रै पनि अत्यधिक छ, मागअनुसार उपलब्ध गराउन सकिरहेका छैनौँ", संयोजक बगालेले भन्नुभयो, "वालिङभन्दा बाहिरबाट पनि विभिन्न व्यक्ति तथा सङ्घसंस्थाबाट मलको माग भइरहेको छ तर पुऱ्याउन सकेका छैनौँ ।" स्याङ्जाको वालिङ नगरपालिकाभित्रका विशेषगरी कोभिड-१९ प्रभावित र अतिविपन्न परिवारलाई प्राथमिकतामा राखेर निःशुल्क गड्यौलासहित बिन तथा आवश्यक तालिम दिएसँगै कृषक गड्यौलापालनतर्फ आकर्षित हुँदै गएका छन् । नगरपालिका र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी नेपाल) को आर्थिक सहयोग तथा वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाद्वारा सञ्चालित 'हरित पुनःउत्थान प्रवर्द्धन परियोजना'अन्तर्गत वालिङका १४ वटै वडाका किसानलाई जैविक कम्पोष्ट मल बनाउन प्रेरित गरिएको वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष यामबहादुर गुरुङले जानकारी दिनुभयो । मानव स्वास्थ्यलाई ध्यानमा राख्दै कुहिने फोहरलाई गड्यौले अर्गानिक कम्पोष्ट मलमा परिणत गर्दै आइएको गुरुङले बताउनुभयो । खेतबारीमा रासायनिक मल तथा विषादीको प्रयोगमा निरुत्साहित गर्दै अर्गानिक कम्पोष्ट मल बनाउन किसानलाई प्रेरित गर्दै गड्यौलापालनका लागि आवश्यक सामग्री, तालिम तथा गड्यौला वितरण गरिएको अध्यक्ष गुरुङले बताउनुभयो । रासायनिक मलको विकल्पकारुपमा समेत गड्यौले मलको प्रयोग बढ्दै गएकाले अहिले गाउँगाउँमा कृषक गड्यौलापालनतर्फ आकर्षित हुँदै गएका छन् । गड्यौले मलको माग बढ्दै गइरहेको छ । लगानी र मेहनत कम लाग्ने तर गड्यौला र मल दुवै बिक्री गरेर दोहोरो फाइदा लिन सकिने भएकाले पनि यसतर्फ कृषकको आकर्षण बढ्दै गएको अध्यक्ष गुरुङ बताउनुहुन्छ । अहिले गड्यौला प्रतिकिलो रु एक हजार ७०० का दरले बिक्री हुँदै आएको छ भने मल प्रतिकिलो रु ३०-३५ मा बिक्री हुने गरेको छ । बिरुवाले गड्यौले मलमा भएको खाद्यतत्वलाई सजिलैसँग लिन सक्दछ भने यो मल अरु मलभन्दा गुणस्तर मानिन्छ । यो मलको प्रयोगले रासायनिक मलको उपलब्धता बढाउँछ र बाली बिरुवाको वृद्धि विकास पनि छिटो हुने गर्छ । झारपात र घरमा निस्कने कुहिने फोहरबाट गड्यौलापालन गरी जैविक मल उत्पादन गर्न सकिन्छ ।

# लायन्स क्लब अफ पोखरा सेतो गुराँसलाई चार्टर हस्तान्तरण

पोखरापत्र संवाददाता
पोखरा, २५ असार

पोखरा २५ हेमजामा शनिवार आयोजित कार्यक्रममा लायन्स क्लब अफ पोखरा लालीगुरांसले लायन्स क्लब अफ पोखरा सेतो गुराँसलाई चार्टर हस्तान्तरण गरेको छ ।

ला'यन्स क्लब ईटरनेशनल डिस्ट्रिक्ट ३२५ जे नेपालका डिस्ट्रिक्ट गवर्नर ध्रुव श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष केशवशरण पौडेल, चार्टर प्रेसिडेंट बसन्त बाँस्तोला र सम्मानित ब्यक्ति माधव शरण बाँस्तोलाले बोलेका थिए । उक्त अवसरमा देविलाल सापकोटा समाजसेवी अक्षयकोष द्वारा



माधव शरण बाँस्तोलालाई सम्मान गरिएको थियो । अक्षयकोष बाट प्रत्येक वर्ष एक समाजसेवीलाई सम्मानित गरिँदै आएको छ । प्रथम उपादक्ष्य ऋषिराम पौडेलले स्वागत गरी सुरु भएको कार्यक्रममा द्वित्तीय उपाध्यक्ष प्रकाशचन्द्र सापकोटाले राष्ट्रीय ध्वजा अभिवादन गरेका थिए ।

वर्ष २१/२२ का अध्यक्ष कपिलदेव शर्माको अध्यक्षतामा भएको कार्यक्रमको सन्चालन सचिव भेषराज बाँस्तोलाले गरेका थिए ।

# परमार्थनगर क्लव द्वारा निःशुल्क दन्त शिविर सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २५ असार

परमार्थनगर क्लव बाट पोखरा २७ डाडाकोनाकमा निःशुल्क दन्त शिविर सम्पन्न को गरेकोछ ।

पोखरा २७ का वडा अध्यक्ष पुर्ण कुमार गुरुङ्गका प्रमुख आथित्तयतामा भएको कार्यक्रममा वडा अध्यक्ष गुरुङ्गले भोलिका कर्णदार युवाहरुलाई सतकर्मको बाटो देखाउन आवश्यक रहेको र यस क्लव बाट युवाहरु लाई सम्मेलित गरि विभिन्न रचनात्मक कार्य गरिरहेकोमा खुसी रहेको भाव व्यक्त गरेका थिए ।

केबिन न्यु होराईजन डेन्टल सेन्टरको प्रायोजनमा आयोजित शिविरमा डा मनोज कुमाल, डा गगा भण्डारी तथा उर्मिला कुमालले दन्त विरामीहरुको चेकजाँच गर्नुभएको थियो । साथै




डाडाकोनाक स्थित श्रीकृष्ण प्रणामी वृन्दावन धाममा रहेका ११ जना बालबालिकाहरुको निशुल्क दन्त परिक्षण गर्ने निर्णय समेत गरिएको क्लवका उपाध्यक्ष विकाश लामिछानेले जानकारी दिएका छन् । समाजसेवि तथा नेपाली काङ्ग्रेसका महाधिवेशन प्रतिनिधि सुरजजङ्ग राणाले शुभकामना व्यक्त गरेको कार्यक्रम करिव १०० जनाले आफ्नो दातको चेकजाँच गरि लाभ लिएको बताईएको छ ।

क्लवका अध्यक्ष मनोज गुरुङ्गको सभापत्तिवमा भएको कार्यक्रममा संचालन सचिव आदर्श लामिछानेले गरेका थिए ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः २०१३/०८/१२ गते

स्वर्गारोहणः २०७८/०१/२२ गते

**स्व. राधा गुरुङ**

कास्की जिल्ला अन्नपूर्ण गाउँपालिका वडा नं. ९, सावेत घर भै हाल पोखरा महानगरपालिका वडा नं. १२ माटेपानी निवासी सावेत मिलन सेवा परिवारका सदस्य राधा गुरुङको ६५ वर्षको उमेरमा भएको असामयिक दुःखद निधनले हामी अत्यन्तै मर्माहत एवं स्तब्ध भएका छौँ । उहाँको वार्षिक पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवान बुद्धले प्रदान गरुन् भनी प्रार्थना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

'ॐ मणि पद्मे हूँ'

धन बहादुर गुरुङ
सचिव

तथा

सु. ईमान बहादुर गुरुङ
अध्यक्ष

**सावेत मिलन सेवा परिवार**
**पोखरा**